स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



शुक्रबारबाट प्रदर्शनमा आएको ऐतिहासिक कथामा आधारित फिल्म "जार"ले नेपालमा अपेक्षित व्यापार गर्न सकेको छैन । पहिलो दिन फिल्मको देशव्यापी अकुपेन्सी १० प्रतिशत पनि भएन । शनिबार विदामा भने अकुपेन्सी दर केही वृद्धि भएको छ । व्यापार कमजोर भए पनि फिल्मलाई दर्शकीय प्रतिक्रिया राम्रो मिलेको छ । प्राय:ले अभिनय, संगीत, छायांकन जस्ता पक्ष रुचाएका छन् ।

**आजको विचार...**



हतियारको.... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



बैशाख महिना सुरु भएयता नेपाली फिल्मको व्यापार उदेकलाग्दो बनेको थियो । नाम चलेका कलाकार र समीक्षात्मक रुपमा अब्बल ठहरिएका फिल्मले समेत बक्स अफिस चलायमान बनाउन सकेनन् । जसले गर्दा फिल्म क्षेत्रमै निराशा छाएको थियो ।

## वायु प्रदूषणबाट जोगिने उपाय

- वायु प्रदूषणवाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरबाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
- दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
- रुखविरुवा रोपौ, हरियाली बढाऔं र वनजंगल जोगाऔं।

***वायु प्रदूषणको असरबाट बचौं र बचाऔं ।***

**लुम्बिनी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**राप्ती उपत्यका (देउखुरी), नेपाल**

❐ वर्ष ३० ❐ अंक २८५ ❐ २०८२ वैशाख २८ गते आइतबार 11 May 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## भारत र पाकिस्तानको युद्धविराम



**काठमाडौं, वैशाख २७/** संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा भएको लामो वार्तापछि भारत र पाकिस्तान युद्धविराम गर्न सहमत भएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्वीट गर्दै यसबारे जानकारी दिएका हुन् ।

भारत र पाकिस्तानबीचको सीमामा निरन्तर ड्रोन आक्रमण, गोलाबारी र तनावपूर्ण अवस्था सिर्जना भएको बेला यो कदम चालिएको भारतीय सञ्चार माध्यमले जनाएका छन् । जसले क्षेत्रीय र विश्वव्यापी स्तरमा चिन्ता बढाएको थियो । अमेरिकी पक्षले यसलाई दुई देशको सामान्य ज्ञान र महान् बुद्धिमत्ताको परिणामको रूपमा वर्णन गरेको छ । अमेरिकाले युद्धविराम गर्ने निर्णयको लागि दुवै देशलाई बधाई दिएको छ । अब सीमामा शान्ति पुनर्स्थापित हुने र दुई देशबीचको तनाव कम गर्न थप सकारात्मक कदम चालिने अपेक्षा u/Psf]5. *-एजेन्सीबाट*

# ओझेलमा 'जोगीपानी कुवा'

***यहाँको कुवाको पानी पिएपछि वाक्य नफुटेका बच्चाहरूको वाक्य फुटछ भन्ने विश्वास सयौं वर्षदेखि कायमै छ । कुवाको पानी पिलाउँदा पछि ढिलोसम्म बोली नफुटेका बच्चाको बोली फुट्छ भन्ने मान्यताका साथ पानी लैजाने गरेको पाइन्छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा, वैशाख २७/**पाल्पाको सदरमुकाम तानसेनबाट ७ किलोमिटर पर तानसेन-तम्घास रोडस्थित तानसेन नगरपालिका-११ बन्दिपोखरामा रहेको 'जोगीपानी कुवा' ओझेलमा परेको छ । अनौंठो कुवाको रुपमा रहेको जोगीपानी कुवा प्रचार-प्रसारको अभावका कारण यति बेला ओझेलमा परेको हो ।

यहाँको पानी पिएपछि बोली नफुटेका वा बोल्न नसक्नेहरूको बोली फुट्छ भन्ने जनविश्वास छ । परापूर्व कालमा एक जना जोगीले तीर्थमा जाँदा रात परेको र सामाकोटमा बास बस्दा अत्यधिक प्यास लाग्दा पानीको मुहान र र नजिक वरपर घरहरू समेत नदेखेपछि हातमा लिएको चिम्टाले जमिनमा गाडेर पानी निकालेका थिए । उनै जोगीले आफूले त्यही पानीले प्यास मेटेको र अबदेखि यो पानी पिएमा वाक्य नखुलेका बच्चाहरू बोल्न सकुन् भनी आशिर्वाद दिएर त्यहाँबाट आफ्नो गन्तव्यतर्फ लागेको स्थानीयहरूको भनाइ छ । सोही समयदेखि स्थानीयले पानी निकालेको स्थानमा कुवा



निर्माण गरे र ठाउँको नाम पनि जोगीपानीका नामले प्रख्यात हुन पुग्यो हो । यहाँको पानी पिउनाले बोली नफुटेका बच्चाहरुको बोलीका आएका कारण पानी लिनका लागि टाढा-टाढाबाट मानिसहरू त्यहाँ पुग्ने गर्दछन् । तर यसको व्यापक प्रचार-प्रसार हुन नसक्दा अहिले यो अनौंठो कुवा ओझेलमा परेको छ । यहाँको कुवाको पानी पिएपछि वाक्य नफुटेका बच्चाहरूको वाक्य फुटछ भन्ने विश्वास सयौं वर्षदेखि कायमै छ । कुवाको पानी पिलाउँदा पछि ढिलोसम्म बोली नफुटेका बच्चाको बोली फुट्छ भन्ने मान्यताका साथ पानी लैजाने गरेको पाइन्छ । यस्तो विश्वासमा मानिसहरू आउने गरेको र विभिन्न भाँडोमा भरेर पानी लैजाने गरेको स्थानीयको भनाइ छ । प्रचार-प्रसार हुन नसक्दा धेरैलाई यस बारेमा थाहा नै नभएको स्थानीय भुनकुमारी गहतराज बताउँछिन् । उनका अनुसार थाहा पाएकाहरु नेपालका विभिन्न जिल्लाहरू तथा भारतबाट समेत माानिस आई पानी लैजाने गरेका छन् । गहतराजले भनिन् "केही मानिसहरू कुवाको पानी पिएपछि बच्चाको वाक्य फुटेपछि यहाँ आएर पूजासमेत गर्ने गर्दछन् ।" यो कुवा बाटोको छेवमै रहेको छ । लामो समय सडक कुनाबाट पानी लैजाने गरे पनि पछि सडक विस्तार गर्ने क्रममा मासिने अवस्थामा पुगेपछि अहिले कुवा भएको ठाउँमा ट्याङ्की निर्माण गरी त्यहाँको पानी सडकदेखि तल लगेर अर्को ट्याङ्की निर्माण गरिएको छ । धेरैलाई यहाँको पानी खाएमा बोली नफुटेका बच्चाहरुको बोली फट्छ भन्ने थाहा नभएकाले यसको प्रचार- प्रसार भएमा राम्रो हुने स्थानीय दिलकुमारी गहतराजको भनाई छ । उनले भनिन् "केहीलाई त थाहा भएर यहाँ आएपछि गाडी रोकेर बोतलमा पानी भरेर लैजानुहुन्छ । तर थाहा नभएकाहरु बिचरा अस्पताल गएर कति पैसा खर्च गरिरहनु भएको होला, यहाँको पानीले गाउँकै धेरै बच्चाहरुको वाक्य आएको छ ।" आफ्नो छोरीलाई ८/१० वर्षको उमेर हुँदा पनि बोली नफुटेपछि यहाँको पानी खुवाएपछि अहिले स्पष्ट बोल्न सक्ने भएको अर्की स्थानीय कमला गहतराजको भनाइ छ । पानी लिन आउँदा मानिसहरूले केही भेटी चढाउनेसमेत गरेको उनले जानकारी दिइन् ।

यहाँको पानी सञ्जिवनी बुटीसरह भए पनि प्रचार-प्रसार नहुँदा ओझेलमा परेको स्थानीयको गुनासो छ । यहाँ कुवा नजिकै बोर्ड राखिए पनि त्यसको पर्याप्त प्रचार हुन सकेको छैन् । स्थानीय सरकारले यहाँको पानीलाई थप व्यवस्थित गरी तानसेन आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई समेत आकर्षित गर्न सके आम्दानीको राम्रो स्रोत समेत बन्न सक्ने पत्रकार प्रकाश नेपाल बताउँछन् । उनले स्थानीय सरकारले माल पाएर पनि चाल नपाए जस्तै भएको बताए । यहाँको पानीको महत्वलाई उजागर गर्न जरुरी रहेको पत्रकार नेपालको भनाई छ । वडा अध्यक्ष यादव सिहं कार्कीले भने यसको संरक्षण र महत्वलाई स्थानीय सरकारले प्रथामिकतामा राखेर काम गरेको बताए । उनले परापूर्व कालदेखि जोगीकुवाको निकै महत्व रहेको बताउँदै त्यही महत्व र विश्वासका कारण देश तथा विदेशबाट मानिसहरू पानी लिने आउने गरेको उल्लेख गरे ।

## आज नृसिंह जयन्ती मनाइँदै



**पाल्पा, वैशाख २७/**वैदिक सनातन हिन्दू धर्मअनुसार आज नृसिंह जयन्ती मनाइँदै छ । हरेक वर्ष वैशाख शुक्ल चतुर्दशीका दिन यो मनाउने गरिन्छ ।

नृसिंह अवतार भगवान् विष्णुको चौंथो अवतार हो । दैत्यराज हिरण्यकश्यपुको 'बध' गरी भक्त प्रह्लादको उद्धार गर्नका निमित्त विष्णु भगवानले नृसिंह अवतार धारण गर्नुपरेको विभिन्न पुराणमा उल्लेख गरिएको छ । हिन्दू धर्म ग्रन्थमा उल्लेख भएअनुसार कष्यप ऋृषिकी पत्नी दितिको गर्भबाट दुई बालक हिरण्याक्ष र हिरण्यकश्यपु पैदा भएका थिए । ठूलो भएपछि दुवैले जताततै उपद्रो मच्चाउन थाले । हिरण्याक्षलाई भगवान् विष्णुको तेस्रो अवतार बराह भगवानले मारेका थिए । हिरण्यकश्यपुले ब्रह्माजीको घोर तपस्या गर्दा हिरण्यकश्यपुको शरीरबाट आगोको ज्वाला निस्कन्थ्यो । यो देखेर बह्माजीले हिरण्यकश्यपु भएको ठाउँमा गएर इच्छाअनुसार वरदान माग्ने आज्ञा गरे । यो सुनेर हिरण्यकश्यपुले ब्रह्माजीसँग अमर रहने वरदान मागे । बह्माजीले जन्मेपछि मर्नैपर्ने सृष्टिको नियम भएकाले अरु वर माग्ने आज्ञा गरे । यो सुनेर हिरण्यकश्यपुले 'घरको बाहिर घरको भित्र, रातिको अँध्यारो, दिनको घाममा, आकाशमा, पातालमा, जमिनमा, नर (मानिस)बाट, यक्षबाट, गन्धर्वबाट, देवताबाट, किन्नरबाट कुन्जर (जनावर) बाट, हातबाट र हतियारबाट नमर्ने वरदान मागेको विभिन्न ग्रन्थमा उल्लेख गरिएको छ ।

ब्रह्माजीले हिरण्यकश्यपुको तपस्या घोर भएकाले मागेको वरदान दिए । बह्माजीको वरदान पाएर हिरण्यकश्यपु अमर भयो । हिरण्यकश्यपुले तीनैलोकमा कब्जा जमायो । जगतलाई आफ्नो बसमा बनायो । पूरा सृष्टिको मालिक म नै हो । मभन्दा ठूलो अरु कोही छैन भन्ने विश्वास सबैमा दिलाउन थाल्यो । हिरण्यकशिपुको घरमा भक्त प्रह्लादको जन्म भयो ।

## बजेटमा किसानमुखी कार्यक्रम ल्याउन माग

**कृष्ण पोखरेल**

**पाल्पा, बैशाख २७/** अखिल नेपाल किसान महासंघ पाल्पाले बजेटमा किसानमुखी कार्यक्रम ल्याउन माग गरेको छ । महासंघले बैठकबाट निर्माण भएको घोषणा पत्र सार्वजनिक गर्दै विभिन्न ३८ बुँदे मागहरु कार्यान्वयन गर्न ३ वटै सरकारसँग माग गरेको हो ।

महासंघले पत्रकार सम्मेलन गरी बैठकका निर्णयहरु सार्वजनिक गरेको छ । कार्यक्रममा महासंघ पाल्पाकी अध्यक्ष लक्ष्मी खनालले देशको सम्मृद्धि कायम गर्न, देशमा आयआर्जन बढाउन, कृषि उत्पादनमा आत्मनिर्भर बन्न ३८ बुँदाहरु कार्यान्वयन हुनुपर्नेमा जोड दिइन् । जिल्लाका स्थानीय तहलाई आगामी बजेटमा कृषि कार्यक्रममा जोड दिन उनले आग्रह गरिन् । महासंघ पाल्पाले किसानहरुलाई पर्याप्त मात्रामा




रासायनिक मलखादको व्यवस्था हुनुपर्ने, गुणस्तरीय विउ विजनको व्यवस्था घरदैलोमा गर्नुपर्ने, पाल्पाका सबै पालिकाले न्युनतम १५ प्रतिशत बजेट कृषि क्षेत्रमा विनियोजन गर्नुपर्ने माग गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## युद्ध होइन, शान्ति खोज

पछिल्ला केही दिन यता भारत र पाकिस्तानबिच विवाद चुलिएको छ । गत २२ अप्रिलमा कश्मीरको पहलगाममा आतंकवादी हमलामा २५ भारतीय र एक नेपाली पर्यटकले ज्यान गुमाउनुपरेको थियो । सो घटनालाई लिएर भारतले 'अपरेसन सिन्दूर' सुरु गर्दै पाकिस्तानमाथि हमला गर्‍यो । पाकिस्तानले जवाफी मिसाइल हानेपछि यी दुई देश फेरि युद्धको मोर्चामा आमने–सामने हुन पुगेका छन् ।

पहलगाम आक्रमणमा पाकिस्तानीको हात रहेको किटान गर्दै भारतले आतंकवादीलाई परास्त गर्न कारवाही शुरु गरेपछि अहिले अवस्था तनाव ग्रस्त बन्न पुगेको हो । यी दुई ठूला देशबीचको युद्धको त्रास नेपालमा पनि परेको छ । दुई देशबीच युद्ध शुरु भएपछि नेपालका सबै सिमानामा भारतीय र नेपाली संयुक्त सुरक्षा गस्ती बढाइएको छ । नेपालमा रहेका दुई देशका राजदूतावासको सुरक्षा कडा पारिएको छ । दुई छिमेकी देशबीच युद्ध चर्कनु नेपालका लागि ठूलो समस्या हो । युद्धले अन्तर्राष्ट्रिय समुदायमा गम्भीर चिन्ता सिर्जना गरेको छ । संयुक्त राष्ट्रसंघ र युरोपेली युनियनले दुवै देशलाई संयमता अपनाउन आग्रह गरेका छन् । वार्ता र संवादमार्फत समस्या समाधान गर्न आग्रह गरेका छन् । द्वन्द्व आफैमा विनासकारी हो । यो कसैका लागि राम्रो मानिदैन । युद्धले दुवै मुलुकको आन्तरिक राजनीति, अर्थतन्त्र र कूटनीतिक सम्बन्धमा गम्भीर असर पार्न सक्छ । युद्ध रोकिएन भने त्यसको असर दक्षिण एसिया मात्र नभई विश्वभर पर्नेछ । युद्धले निर्दोष नागरिकको ज्यान जानेछ भने दुई देशको भविष्यमा खतरा उत्पन्न हुनेछ । अझ, सीमावर्ती क्षेत्रमा बसोबास गर्ने जनताले युद्धको झन् ठूलो पीडा भोग्नुपर्छ । आर्थिक दृष्टिले पनि युद्ध विनाशकारी हुन्छ । दक्षिण एसियाका सामु अहिले जलवायु परिवर्तन, बेरोजगारी, ऊर्जा संकट र व्यापार असन्तुलन जस्ता चुनौतीका पहाड छन् । अहिलेको आवश्यकता आपसी प्रतिशोध होइन, परिपक्वता हो । राजनीतिक नेतृत्व, नागरिक समाज, बुद्धिजीवी वर्ग र सञ्चारमाध्यमले पनि युद्धको उन्माद होइन, शान्तिको शक्तिमा जोड दिनुपर्छ । भारत र पाकिस्तानका जनताको हितका लागि भएपनि दुवै देशका राजनीतिक एवं सैनिक नेतृत्व संयमित हुनु आवश्यक छ । मानव समाज, शान्ति र अर्थतन्त्रमा पर्न सक्ने दुष्प्रभाव र दीर्घकालीन असरको पूर्वआकलन गरी यथाशक्य संयम भएर युद्धलाई टारी शान्तिको बाटो खोज्ने दिशामा दुवै देश अग्रसर हुनु अहिलेको लागि उचित हुने छ । अन्यथा यसले विश्व व्यवस्थामा देखिएको शान्ति, सद्भाव र मित्रतालाई नै खल्बल्याउने खतरा पनि उत्तिकै छ । त्यसैले यो अवस्थामा अन्य शक्ति राष्ट्रहरूले पनि भारत–पाकिस्तान युद्धलाई उक्साउने होइन, यसको अन्त्यका लागि सहजीकरण गर्नेतर्फ ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

बोल्ने शब्द र गरिने ब्यवहार नै मान्छेको पहिचान हो।
अनुहार र औकात त कतिबेला बदि्लन्छ थाहै हुदैन ।।
*(प्रेम कुँवरको फेसबुक स्टाटस https://www.facebook.com/kunwar.prem99001)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हतियारको जगजगीमा थलिएको मानवता



डा. गणेशप्रसाद घिमिरे

मानिसको जीवन ईश्वरीय वरदान हो । यो जीवनलाई समाप्त पार्ने अधिकार कसैलाई पनि छैन । मानवीय भावनाको कदरमा मात्र मानिसको जीवन सबल बन्न सक्दछ । यदि जीवन-जीवनका रूपमा बाँच्ने हो भने मान्छेले मान्छेलाई मान्छेकै आँखाले हेर्नुपर्ने हुन्छ ।

त्यसरी हेरिएन भने जीवनको आग्रह र मानिसले बाँच्ने पद्धतिमा जहिले पनि अस्वीकारको अवस्था सिर्जना हुनेगरेको देखिन्छ । त्यसैले हाम्रा शास्त्रहरू र हाम्रो जीवनपद्धति सबैलाई मानिस भएर बाँच्न आग्रह गरेका छन् । मानिसको बाँच्ने अधिकार सबैका लागि सुरक्षित हुनु अनिवार्य मानिन्छ । मानवीय भावना र शासकको आत्मिक चिन्तनमा विचलन नआएसम्म संसारमा युद्धको शङ्खघोष हुन सक्दैन । देशको रक्षा शासकको पहिलो प्राथमिकता हो तर शनकबाहेक युद्ध हुन सक्दैन ।

*त्यसरी हेरिएन भने जीवनको आग्रह र मानिसले बाँच्ने पद्धतिमा जहिले पनि अस्वीकारको अवस्था सिर्जना हुनेगरेको देखिन्छ । त्यसैले हाम्रा शास्त्रहरू र हाम्रो जीवनपद्धति सबैलाई मानिस भएर बाँच्न आग्रह गरेका छन् । मानिसको बाँच्ने अधिकार सबैका लागि सुरक्षित हुनु अनिवार्य मानिन्छ । मानवीय भावना र शासकको आत्मिक चिन्तनमा विचलन नआएसम्म संसारमा युद्धको शङ्खघोष हुन सक्दैन । देशको रक्षा शासकको पहिलो प्राथमिकता हो तर शनकबाहेक युद्ध हुन सक्दैन । संसारले दुईवटा युद्ध झेलिरहेको छ । यी युद्ध छिटो समाप्त होलान् भन्ने आशामा रहेको संसारलाई भारत र पाकिस्तानको तनावले फेरि अलगथलग बनाएको छ ।*

संसारले दुईवटा युद्ध झेलिरहेको छ । यी युद्ध छिटो समाप्त होलान् भन्ने आशामा रहेको संसारलाई भारत र पाकिस्तानको तनावले फेरि अलगथलग बनाएको छ । भारत र पाकिस्तानको तनाव आजको होइन । भारत र पाक कश्मीरका लागि सदा तनावमै रहने गरेका देश हुन् । भारतमा हुने आतङ्की प्रहारले यी दुई देशको कूटनीतिक, राजनीतिक, आर्थिक सम्बन्धमा पनि चिसोपन आएको देखिन्छ । यो चिसोपनको पहिचान उनीहरूमा देखापरेको आ-आफ्नो अडान हो । यही अडानमा रहेका यी देशहरू आफैंमा आणविक शक्ति सम्पन्न मानिन्छन् तर यी दुबै देशमा देखिएको तनावले विश्वको अवस्था जेजस्तो भए पनि नेपालले युद्धको डरलाग्दो अवस्थालाई पक्कै पनि भोग्नेछ । परमाणु शक्ति सम्पन्न यी दुबै देशले परमाणु युद्ध नगरून् भन्ने चाह नै आजका नेपालीको हो ।

**बर्बरताको नमुना**

पाकिस्तानबाट आएका आतङ्कवादीले यही २०८१ साल वैशाख २२ गते छब्बीस जनाको निर्मम तरिकाले हत्या गरे । पर्यटकका रूपमा गएका भारतीयहरूलाई धर्म सोधेरमात्र हत्या गरिएको थियो । हिन्दू धर्म मान्नेलाई छानेर हत्या गरिएको थियो । उक्त घटनाले भारत पाकिस्तानसित क्रुद्ध बनेको थियो । उसले कूटनीतिक सम्बन्ध समाप्त पारेको थियो । यसका साथै भारतीय जनतामा पाकिस्तानप्रतिको आक्रोश पूर्णरूपमा बढेको थियो तर केही समय तयारी गरेको भारतले आतङ्कवादी शिविरमा आक्रमण गरी पाकिस्तानसँग बदला लियो । उक्त आक्रमणले पाकिस्तानको सेना र सर्वसाधारणलाई निसाना बनाएन ।

भारतीय आक्रमण आतङ्कको ढाड भाँच्नु थियो । यी दुबै देशको तनाव निरन्तर बढिरहेको अवस्थामा युद्धको शङ्खनाद भएको छ । आतङ्कारीले जसरी धर्मका नाममा आक्रमण गरेर भारतीय र अन्य देशका नागरिक मारेका थिए त्यसको बदला थियो भारतीय आक्रमण । पाकिस्तान प्रतिकारमा उत्रेका कारण आजको अवस्थासम्म यी दुबै देश युद्धको समान् परिवेशमा उपस्थित भएका छन् । मानिसलाई बर्बर तरिकाले मार्नु पक्कै पनि मानवता होइन । धर्म सोधेरमात्र मार्नु यो धर्म युद्ध पनि थिएन । पर्यटकलाई छानी छानी गोली मार्नु पक्कै पनि बर्बरताको नमुना मानिएको छ । उक्त घटनामा विश्वका शक्तिशाली देश भारतका पक्षमा देखिए । उनीहरूले आतङ्की हमलालाई बर्बरताको संज्ञा दिए । यी दुबै देशको तनाव यहीँ रोकिएन । भारत र पाकिस्तानको तनाव तनावका रूपमा रहेन । यी दुबै देश आज युद्धको सैारमा उभिए । युद्ध थामिएन भने निर्दोष नागरिकको ज्यान जानेछ । संसार फेरि अर्को युद्धको चपेटामा पर्नेछ । वार्ताबाट समाधान खोज्नुपर्नेमा त्यसो हुन सकेन । बर्बरताको प्रतित्युत्तर भारतले सैन्यबलबाट दियो तर बर्बरताको यो नमुना संसारमा कतै पनि देखिँदैन । बर्बरतालाई मुख्य मान्ने आतङ्कले आज विश्व मानवतालाई पनि छियाछिया बनाएको छ । मानवता बर्बरतामा जीवन्त रहन सक्दैन । युद्धले कहिले पनि मानवताको रक्षा गर्न सक्दैन । युद्ध नरसंहार र भौतिक क्षतिको पहिचान हो तर यी आणविक शक्तिले भरिएका देशले आणविक युद्ध नगरून् भन्ने कामनाबाहेक हामीसित केही उपाय छैन । आज संसार आतङ्कको छायामा बाँचिरहेको छ । संसारमा यो अवस्था रहुञ्जेल मानिसले चैनको सार फेर्न पनि सक्दैन । संसारमा आतङ्कले फैलाएको जालोलाई समाप्त पार्न सकिँदैन । आतङ्क जहिले पनि बर्बरताले भरिएको हुन्छ । बर्बरताको अर्को नाम नै आतङ्क हो । त्यसैले आतङ्वाद समाप्त हुनु अनिवार्य मानिन्छ । समाप्त नभए यो बर्बर अवस्थाले र तिनीहरूले प्रयोग गर्ने मानसिक तनाव सदा मानिसका लागि रहिरहनेछ ।

**आणविक युद्ध नहोस्**

शक्तिशाली मुलुकहरूले सबैभन्दा बढी खर्च हतियारमा गर्ने गरेको देखिन्छ । शक्तिलाई सर्वोपरी मान्ने प्रवृत्ति आजको संसारका विकसित देशको पहिचान बनेको छ । यसरी अस्त्रशस्त्रमा लगानी गर्ने देशले आजको विश्वलाई चलाएका हुन्छन् । त्यसैले आजको विश्व हतियार सम्पन्न छ । हतियार कहिल्यै पनि मानवताको रक्षा गर्ने साधन होइनन् । हतियार त मानिसको बाँच्न पाउने अधिकारलाई समाप्त पार्ने मानव सिर्जित पहिचान हुन् । यिनको प्रयोग कहिल्यै पनि मानवता र मानवीय भावनाको रक्षाका लागि हुन सक्दैन ।

रसिया-युक्रेन, इजरायल-हमास युद्ध चलिरहेका छन् । ती युद्धको प्रभाव विश्वको अर्थबजारमा परिरहेको छ तर यी दुई युद्ध चलिरहेको अवस्थामा भारत र पाकिस्तानको युद्धले संसारलाई एकपटक सोच्न बाध्य बनाएको छ । हतियारको प्रयोग मानिसको रक्षाका लागिन हुनु नै आजको सबैभन्दा ठूलो समस्या हो । हतियारको सिर्जना गर्ने देशहरू जहिले पनि आफूलाई शक्तिशाली सावित गर्न लागिरहेका छन् । शक्तिका भरमा कमजोर मुलुकप्रति गरिने आक्रमण युद्धको नियमविपरीत मानिएको हुन्छ । आजको विश्वका धेरै मुलुक शक्तिसम्पन्न छन् । यी देशको पहिचान आफ्नै किसिमको होला ? संसारमा मानवीय भावनाको रक्षा र मानवताको पहिचानलाई जीवन्त राख्नु अनिवार्य मानिन्छ । आजको विश्वमा त्यसो हुनसकेन । संसारमा शान्तिको वकालत गर्ने संयुक्त राष्ट्रसै मूकदर्शक बनेर हेरिरहेको छ । हतियार सम्पन्न देश कसैको आदेशलाई स्वीकार गर्ने पक्षमा देखापरेका छैनन् ।

युद्ध प्राचीनकालमा पनि नभएका होइनन् । ती युद्ध धर्मयुद्ध मानिएका थिए । अन्याय, अधर्म र पापका विरुद्ध थिए । ती युद्धले मानवीय भावनाको कहिल्यै पनि उलैन गरेका थिएनन् । युद्धभूमिमा रहेका सैनिकका बीचमा मात्र युद्ध हुने गर्दथे । आजको अवस्था त्यस्तो छैन । आजको युद्ध विज्ञानका साथै प्रविधिले सम्पन्न युद्ध मानिन्छ । यस्तो अवस्थामा सैन्य अखाडा वा युद्धमा भाग लिने सैनिकमात्र मारिँदैनन् । सर्वसाधारण जनताको पनि मृत्यु हुनेगरेको देखिन्छ । त्यसैले युद्ध कहिल्यै पनि प्रगतिको आधार हुन सक्दैन । मानिसको बाँच्न पाउने अधिकारलाई सुरक्षित राख्नु कुनै पनि युद्धको नियम हो तर आज त्यसो हुन सक्दैन ।

भारत र पाकिस्तानको युद्धले अप्रत्यक्ष होइन प्रत्यक्ष प्रभाव हाम्रो जस्तो शान्तिप्रिय मुलुकमा पनि पार्ने निश्चित छ । हामी यस युद्धबाट अछुतो रहन सक्दैनौं । हामी शान्तिकामी हौं । हामी बुद्धको देशका वासिन्दा हौं । हामी यी दुबै देशले आफ्नो समस्याको समाधान वार्ताबाट गरून् भन्ने चाहन्छौं । हामीले भनेर के हुने हो र ? तर युद्धको अवस्था डरलाग्दो हुन्छ । डर र त्रासबाट कुनै पनि आमनागरिकको ज्यान नजाओस् । यही कामना हाम्रो रहेको छ । भारत र पाकिस्तानको सैन्य तागतका बारेमा आ-आफ्नै तर्क होलान् तर यी दुबै देश आणविक शक्ति सम्पन्न छन् । आतङ्कका विरुद्ध गरिएको युद्ध यहीं सीमित रहोस् । आतङ्कवादीले देखाएको बर्बरता सिन्दुर अप्रेशनमा मात्र रोकियोस् । यदि यो युद्धले आणविक हतियारलाई प्रयोगमा ल्यायो भने मानवता धुजाधुजा हुनेछ । शक्तिका आडमा गरिने यस किसिमका युद्धले मानिसका अधिकारलाई समाप्त पार्ने निश्चित छ । युद्ध कसैका लागि पनि रक्षाको कवच हुन सक्दैन । युद्ध-युद्ध हो जहाँ हरेक मानवीय भावनाले बिराम पाउने गरेका हुन्छन् ।

समाज र देशको विकासलाई कहिले पनि युद्धले संरक्षण गर्न सक्दैनन् । आतङ्क आफैंमा बर्बरता हो तर आतङ्कलाई समाप्त पार्ने प्रयास पक्कै युद्ध होइन । युद्धले दिने बर्बरतालाई रोक्न सकिएन भने मानवीय भावना र मानिसको जीजीविषालाई समाप्त पार्नेछ । यी दुबै देशको युद्ध जे जस्तो भए पनि आणविक युद्ध नबनोस् यही कामना हामी जस्ता देशवासीको रहनेछ । संसार विश्व युद्धको अवस्थामा नपुगोस् । मानिसको गाँस, वास र बाँच्न पाउने अधिकार नखोसियोस् । शान्तिका माध्यमबाट संसार गतिशील बनोस् । विकासका प्रहरहरूले संसारलाई अझ सम्पन्न बनाउने प्रयास रहोस् ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा बौद्धिक क्षमता बढ्नेछ। अरुको झैं झगडामा नपर्नुहोस् । | **तुला**: अनुबन्धनहरूमा विशेष ध्यान दिनुहोला। सवारी साधन चलाउँदा सावधान रहनुहोला। |
| **वृष** : यात्राको लागि उपयुक्त समय रहेको छ। निर्णयहरू सोचविचार गरेर लिनुहोला। | **बृश्चिक** : व्यवसायमा लाभ मिल्नेछ। कार्यमा सोचेभन्दा राम्रो सफलता मिल्ला। |
| **मिथुन** : स्वास्थ्यलाई लिएर सावधान रहनुहोस्। प्रेममा सुधार आउनेछ । | **धनु** : स्वास्थ्यमा सन्तुलित आहारको सेवन गर्नुहोस्। सामाजिक जिम्मेवारी प्राप्त हुनेछ। |
| **कर्कट** : कार्यक्षेत्रमा उत्साह जाग्नेछ। नयाँ कार्यतर्फ प्रवृत्त भइएला । | **मकर**: जोखिमको निर्णय लिनदेखि बच्नुहोस्। समय अनुरूप कार्य गर्नुहोला। |
| **सिंह**: अध्ययनमा प्रगति हुनेछ । मेहनतले सजिलै लक्ष्यमा पुग्न सकिनेछ । | **कुम्भ** : रोकिएका कार्य प्रारम्भ हुनेछन्। कमजोरीलाई सुधार्दै अगाडि बढ्न सकिनेछ। |
| **कन्या** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। मित्रताको बन्धन कसिने छ । | **मिन** : दिनचर्यामा बदलाव हुनेछ । साहस र उत्साहमा वृद्धि हुनेछ। |

# कृषि

## रौतहटमा रोकिएन हात्ती आतंक



खुट्टामा गोली लागेर घाइते भएको 'एमगज' नामक जङ्गली हात्तीलाई यहाँको जुडिबेला र गैडाटारका किसानले औधी माया गर्थे । दया गरेर विभिन्न खानेकुरा दिन्थे, जसले हात्ती स्वस्थ हुँदै गयो । त्यही हात्ती अचेल यहाँका किसानका लागि समस्या भएको छ ।

गत कात्तिकदेखि चन्द्रपुर नगरपालिका-२ जुडिबेला र वडा नं ३ को गैडाटार क्षेत्रमा बस्दै आएको यस हात्तीले अचेल घर भत्काउन थालेको छ । कृषिबालीमा क्षति पुऱ्याइरहेको छ । जुडिबेलाका सुनिप पोखरेल पहिला मर्ला भन्ने डरले स्याहार गरिएको हात्तीले हाल कतिबेला पो मार्ने हो भन्ने उत्पन्न भएको बताउँछन् । 'यो हात्ती बिरामी भएको बेला हामीले नै उपचारका लागि विभिन्न क्षेत्रमा पहल गऱ्यौँ, उपचार पनि भयो । खानेकुरा दियौँ, ज्यान तङ्ग्रियो । त्यो देखेर हामी निकै खुसी भएका थियौँ तर हाल त्यही हात्ती समस्या भयो ।

घर भत्काउने, खेतीमा नोक्सानी गर्ने गरिरहेको छ । अब त मान्छेलाइ नै कतिबेला मार्ने हो भन्ने डर बढेको छ', उनले भने । हात्तीले गत मङ्गलबार चन्द्रपुर-२ जोगिटोलका एकल महिला फुलमाया कुँवरको उठीबास लगाएको छ । हात्तीले पूरै घर ध्वस्त बनाएको, पकाउने ग्यासदेखि खाने चामलसमेत नष्ट गरेको उनले गुनासो गरे । 'बिरामी हुँदा हात्तीलाई खाना खुवाइयो, उपचारमा हाम्रो पनि चिन्ता थियो । हाल आफ्नै बास उजाडिदियो', कुँवरले भने । नगर प्रमुख सञ्जयकुमार काफ्लेले कुँवरको घर बनाउन स्थानीय युवाहरूले सहयोग जुटाउने र त्यसमा आफ्नो पनि केही आर्थिक सहयोग र सहजीकरण रहने बताए । यसैगरी सोही टोलकी मैया गिरी आलेले हात्तीले आफ्नो पनि घर भत्काएको र चामल, दाललगायत खाद्यान्न लगेको बताए। सोही दिन स्थानीय मुक्तिनारायण चौधरीको घर पनि भत्काइदिएको थियो । हात्तीको आतंकले स्थानीय असुरक्षित भएको सोही वडाको पुलामीटोल निवासी उत्तम खड्काले गुनासो गरे ।

पुलामीटोलकै नजिक हर्दिया खोलाको पोखरीमा दिउँसभरि बस्ने र रात परेपछि हात्ती गाउँ पस्ने गरेको उनले सुनाए । हात्ती आतङ्का कारण केही समयदेखि स्थानीय जङ्गलमा घाँस दाउरा जानसमेत नसकिएको खड्काले बताए । गत कात्तिकयता हात्तीले जुडिबेलामा मात्रै दुई दर्जनभन्दा बढी घरमा क्षति पुऱ्याएको वडाअध्यक्ष दुत्तबहादुर थिङले जानकारी दिए । पर्सा राष्ट्रिय निकुञ्ज तथा वन मन्त्रालयका सचिवलाई समेत हात्ती व्यवस्थापनका लागि ध्यानाकर्षण गराइए पनि समस्या समाधान नभएको उनले गुनासो गरे । 'यहाँ हात्तीले विध्वंश मच्चाएको सरोकार भएकाहरू सबैलाई थाहा छ ।

पटकपटक ध्यानाकर्षण गराएका छौँ तर पनि कसैले वास्ता गरेका छैनन्', वडाअध्यक्ष थिङले भने । हात्तीले जुडिबेलाका खिकबहादुर पन्त, राजेन्द्र ठाकुर, तारजन मगर, रवीन्द्र लामा, प्रदीप बम्जन, शुक्र पुलामी, केशव पाठक, माइला कँडेल, खिक, रवि पुलामी, कमलबहादुर विक, बद्री कार्की, उमेश थापालगायतको घर भत्काइसकेको छ ।

यसैगरी, चन्द्रपुर-३ गैडाटारमा पनि एक दर्जनभन्दा बढी घर भत्काइएका छन् । वडाअध्यक्ष बोधनाथ देवकोटाले हात्तीको आक्रमणबाट यहाँका सन्तबहादुर रुम्बा, मीना राई, छेनामसिंह लोप्चन, बलीमाया लोप्तन, बोम्जन साइँला, सुबास ठोकर, साइँला गोलेको घर भत्काएको बताए । यही हात्तीको आक्रमणबाट गत कात्तिक १६ गते फतुवा विजयपुर-११ रागी बुट्वा बस्ने ७० वर्षीया पातलीमाया तामाङको ज्यान गएको थियो ।

*-अनलाइनख बर डटकम*

## ४ बिघामा तरकारी फलाउँछन् ६४ वर्षीय चौधरी



उमेरले ६४ वर्ष, जाँगर तन्नेरिका जस्तै । अचेलका युवालाई पनि गुनासो गर्दै ठिक्क छ । बराहक्षेत्र नगरपालिका-८ तीनकुनेका ६४ वर्षीय युक्ति चौधरीलाई न कसैप्रति गुनासो न त आफ्नो उमेरको बहाना । बिहान सबेरै उठेदेखि बेलुका रात नछिप्पिएसम्म खेतबारीमै । उनको मेहनत गज्जबको छ । एकाबिहानै बारीमा पस्नुहुन्छ, काँक्रा, बोडी, घिरौँला, लौका, टमाटर स्याहार्दा स्याहार्दै समय बितेको पत्तो नै हुन्न ।

युक्ति मात्र हैन उनकै लयमा हिँडिरहेका छन् छोराबुहारी र श्रीमती पनि । परिवारको लय मिलेपछि व्यवसायमा पनि त्यसरी नै सफलता मिलिरहेको छ । चौधरी भन्छन्, 'हाल चार बिघामा मौसमीअनुसारको विभिन्न प्रकारका तरकारी उत्पादन गरिरहेका छौँ। परिवारको साथ पाएको छु बारीभरि लटरम्मै तरकारी छन्, बेच्न भ्याइनभ्याइ छ।' उमेरले आराम खोज्ने समयमा पनि जोस र परिश्रममा कुनै कमी छैन । परिश्रम र आत्मनिर्भरताको उदाहरण बन्दै चौधरीले यही खेतीबाट वार्षिक रु १० लाखभन्दा बढी आम्दानी गरिरहेका छन् । उनले ६ वर्षअघि उनले एककट्ठा जमिनमा तरकारीखेती सुरु गरेका थिए । त्यसको दुई वर्षपछि रितिका कृषि फार्म दर्ता गरी औपचारिक रूपमा यही उद्यममा रमाइरहेका छन् । 'आराम गरेर घरमा बस्ने उमेर हो तर पनि पहिलेदेखि काम गर्ने बानी बस्यो । काम नगरी बस्नै सकिँदैन', चौधरी भन्छन्, 'सकुन्जेल काम गर्ने हो, हात खुट्टा चलेको छ, तागतछँदैछ । परिवारले साथ दिएकै छन् । जुनदिन सकिन्न त्यसदिनको कुरा बेग्लै होला।' उनको मुख्य पेसा कृषि नै हो तर घरमा केही गाई, गोरु र बाखा पालन गरिरहेका छन् । यसले कृषिमा सहयोग पुगिरहेको छ । चौधरीले भने, 'मैले घरैमा पालेको गाई, गोरु र बाखाबाट प्राप्त हुने गोबर सङ्कलन गर्छु । त्यही जैविक मललाई तरकारीखेतीमा प्रयोग गर्छु । रासायनिक मलको प्रयोग घटाएर स्वस्थ्य र प्राकृतिक उत्पादन गर्न सहयोग पनि पुग्छ । यसले आत्मनिर्भता र दिगोपना कायम राख्न निकै सघाउ पुगेको छ।' उनको बारीबाट उत्पादन भएको तरकारी सुनसरीका विभिन्न ठाउँ, चक्रघटी, कालाबन्जर, बाङ्गे चतरालगायत बजारमा बिक्री हुने गरेको बताए । 'तरकारी बिक्रीका लागि बजारको समस्या छैन, व्यापारीहरू आफैँ फार्ममै लिन आउँछन्, जहाँ हामीले बजार मूल्यभन्दा रु १० कममा तरकारी दिने गरेका छौँ । यसले हामीलाई सहज पनि हुन्छ । नाफा घाटाको धेरै चिन्ता गर्नुपर्दैन', चौधरी भने । आफ्नो बारीमा हुने उत्पादनले भान्छाको आवश्यकता पूर्तिका साथै छोराछोरी, नातिनतिनालाई पढाउनेदेखि घरखर्च चलाउनसम्म सबै आवश्यकता पुरा हुँदै आएको छ । चौधरी परिवारका लागि तरकारीखेती आयआर्जनको भरपर्दो स्रोत त हुँदै हो दैनिक चार, पाँच जनाले ज्यालादारीमा काम गर्न पाएका छन् । यसले थोरै भए पनि स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सघाउ पुगेको छ । पछिल्लो समय तरकारीखेतीका लागि स्थानीय नगरपालिकाले पनि बीउ अनुदानमा उपलब्ध गराउँदै आएको छ । गत वर्षमात्रै सुनसरी कृषि ज्ञान केन्द्रले रु एक लाखको अनुदान प्रदान गरेको थियो । चौधरीका अनुसार यस्ता अनुदानले तरकारीखेतीमा केही हदसम्म सहयोग पुगेको छ र उत्पादनमा थप उत्साह र सहजता मिलेको छ । बराहक्षेत्रका अधिकाङ्स स्थानीयवासी तरकारीखेतीमा आत्मनिर्भर छन् । बराहक्षेत्र-८ का अर्का किसान मीनकुमार उराँवले हाल १० कट्ठा जमिनमा तरकारीखेती गर्दै आएका छन् । 'थोरै जग्गामा तरकारीखेती गरे पनि उत्पादन राम्रो भएकाले आम्दानी पनि सन्तोषजनक छ । आफ्नै बारीमा उत्पादन भएको अर्ग्यानिक तरकारी उपभोग गर्न पाइने र बेचेर घरमै बसिबसी आम्दानी पनि गर्न पाइने', उनले भने, 'विभिन्न थरीका तरकारी बेचेर हरेक वर्ष रु तीन लाखभन्दा बढीको कारोबार गरिरहेको छु।' बराहक्षेत्र नगरपालिका प्रमुख रमेश कार्कीले किसानलाई तरकारीखेतीबाटै आत्मनिर्भर बनाउँदै उत्पादनमा सहजता ल्याउनेतर्फ नगरपालिका केन्द्रित रहेको बताए । उनले भने, 'नगरपालिकाले स्थानीय किसानको आर्थिक विकासका लागि जैविक तरकारीखेती, सिँचाइ सुविधा र उत्पादन निर्यात गर्न यातायातको सुविधाका साथै प्रोत्साहनस्वरुप हरेक वर्ष तालिम र अनुदान प्रदान गर्दै आएका छौँ।' जिल्लामा हाल आठ हजार १५३ हेक्टरमा तरकारीखेती हुँदै आएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत प्रवीणलाल श्रेष्ठले जानकारी दिनुभयो । जिल्लाको बराहक्षेत्र, रामधुनी क्षेत्रलगायत स्थानका किसानले तरकारीखेती गर्दै आएका छन्।

*-रासस*


**रैनादेवी छहरा गाउँपालिकाको अनुरोध**

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

कृष्णप्रसाद ज्ञवाली — प्रमुख प्रशासकीय अधिकृत
युवराज थापा — उपाध्यक्ष
रुक्माङ्गत भट्टराई — अध्यक्ष

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल



**गुल्मी दरबार गाउँपालिकाको अनुरोध**

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

भेषराज घिमिरे — प्रमुख प्रशासकीय अधिकृत
तारा थापा ढेंगा — उपाध्यक्ष
सरोजकुमार थापा — अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैदानकोट, गुल्मी
लुम्बिनी प्रदेश नेपाल



**रूरूक्षेत्र गाउँपालिकाको अनुरोध**

➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

लक्ष्मण पाण्डे — प्रमुख प्रशासकीय अधिकृत
मीना देवी गौतम — उपाध्यक्ष
यदु ज्ञवाली — अध्यक्ष

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिउवेंसी, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,
सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

# 'योजनाबिनै अन्तरराष्ट्रिय विमानस्थल बनाइयो'




भैरहवा (रूपन्देही), वैशाख २७ /राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्गदेनले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थल कुनै ठोस व्यावसायिक योजनाबिना निर्माण गरिएको आरोप लगाएका छन् ।

सिद्धार्थ उद्योग वाणिज्य सै, रूपन्देहीले विमानस्थल सञ्चालनका लागि शनिबार भैरहवामा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा उनले भ्रष्टाचार र विमानस्थल सञ्चालनको मुद्दासँगसँगै लैजानुपर्ने आवश्यकता औँल्याए । अध्यक्ष लिङ्गदेनले मुआब्जा वितरणमा अनियमितता भएको सङ्केत गर्दै चर्को मूल्यमा आवश्यकताभन्दा बढी जग्गा अधिग्रहण गरिएको दाबी गरे । "रु ४१ अर्ब लगानी गरेर यो नचल्ने एयरपोर्ट कसले बनायो ? उद्घाटन भएको यतिका वर्ष हुँदा पनि दुवै विमानस्थल किन सञ्चालनमा आउन सकेन ? यस विषयले संसद्मा प्रवेश गरेको छ", उनले भने,"यसै विषयमा पनि सार्वजनिक लेखा समितिअन्तर्गत छानबिन उपसमिति बनेको र त्यो समितिको काम अनियमितताको छानबिन गर्नाका साथै विमानस्थल कसरी सञ्चालनमा ल्याउन सकिन्छ भन्ने पनि रहेको छ । सोहीअनुसार प्रतिवेदन तयार भइसकेको छ ।"

अध्यक्ष लिङ्गदेनले पोखरा विमानस्थल प्राविधिक रूपमा सञ्चालनमा आउन कठिनाइ रहे पनि भैरहवा विमानस्थल सञ्चालनमा आउन धेरै समस्या नरहेको बताए । श्रम, मेनपावर, भिसा सेन्टरलगायतका आवश्यक पूर्वाधार सरकारको एउटै निर्णयमा यहाँ आउन सक्ने भएकाले यसतर्फ सरकारको ध्यानाकर्षण गराउने उनले प्रतिबद्धता जनाए । यसअघि अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले भैरहवा तथा यस आसपासका जनताले विमानस्थल सञ्चालनका लागि पटकपटक प्रयास गरे पनि असफल भएको भन्दै निराशा व्यक्त गरे । सिद्धार्थ उद्योग वाणिज्य सैका अध्यक्ष नेत्रप्रसाद आचार्यले राजनीतिक दलको होडबाजीमा विमानस्थल निर्माण भएको बताए ।

उनले सरकारले गरेको आग्रहअनुसार उद्योगी व्यवसायीले पूर्वाधारमा करिब ८० अर्ब लगानी गरे पनि लगानी डुब्ने खतरा बढेको बताए । उद्योग वाणिज्य महासै लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले व्यावसायिक सम्भाव्यता अध्ययन नै नगरी विमानस्थल निर्माण गरिएको जस्तो भएको जिकिर गरे । सिद्धार्थ उद्योग वाणिज्य सैका निर्वतमान अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भैरहवावासीका लागि विमानस्थलमा भएको भ्रष्टाचारभन्दा पनि विमानस्थल सञ्चालनको विषय नै प्रधान रहेको बताए । उनले विमानस्थल सञ्चालनको विषयलाई विषयान्तर गर्नका लागि भ्रष्टाचारको मुद्दा उठान गरिएको जिकिर गरे । *-रासस*

## खेलकुद समाचार

### विश्वकप एसिया छनोटः नेपालले बहराइनलाई हरायो



**काठमाडौं, वैशाख २७**/नेपालले आईसीसी महिला टी-२० विश्वकप एसिया छनोटको आफ्नो दोस्रो खेलमा नेपालले बहराइनलाई हराएको छ ।

तेरथाइ क्रिकेट मैदानमा भएको खेलमा नेपालले बहराइनलाई ९ विकेटले हराएको हो । वर्षा र वेट आउटफिल्डका कारण ५ ओभरमा छोट्याइएको खेलमा बहराइनले दिएको ४२ रनको लक्ष्य नेपालले ४.२ ओभरमा १ विकेट गुमाएर पूरा गर्‍यो । कविता कुँवरले सर्वाधिक १८ रन बनाउँदा सम्झना खड्का १३ रनमा तथा कप्तान इन्दु बर्मा ७ रनमा अविजित रहे ।

टस हारेर पहिले ब्याटिङ गरेको बहराइनले निर्धारित ५ ओभरमा १ विकेट गुमाएर ४१ रन बनाएको थियो । कप्तान दिपिका रंगासिकाले १३ बलमा सर्वाधिक ३४ रन बनाइन् । बहराइनले सुरुवात सुस्त गरेपनि कप्तान दिपिकाको आक्रमक ब्याटिङमा ५ ओभरमा चुनौतीपूर्ण योगफल खडा गर्न सफल भएको थियो । उनी श्रीलंकाबाट खेलिसकेकी खेलाडी हुन् । यसअघि शुक्रबारका लागि तय भएको हङकङसँगको पहिलो खेल अघिल्लो दिनको वर्षाले वेट आउटफिल्ड भएका कारण टस नै नभएर रद्द भएको थियो । नेपाल र हङकङले १-१ अंक बाँडे । अब नेपालले मंगलबार हङकङसँग खेल्ने छ ।

## अर्थ/कर्पोरेट समाचार

# बैंकको नाफा बढ्यो




**पाल्पा, वैशाख २७**/वाणिज्य बैंकहरूको नाफा बढेको छ । यो चालु आवको तेस्रो त्रैमाससम्ममा गत आवको सोही अवधिको तुलनामा १ दशमलव ४० प्रतिशतले बढेको हो ।

यो अवधिमा बैंकहरूले कुल ४१ अर्ब २५ करोड रुपैयाँ खुद नाफा कमाएका छन् । गत आवको सोही अवधिसम्ममा वाणिज्य बैंकहरुले ४० अर्ब ६८ करोड रुपैयाँ खुद नाफा कमाएका थिए । सुस्त अर्थतन्त्रका कारण बैंकको नाफा अपेक्षित मात्रामा बढ्न सकेको छैन । राष्ट्र बैंकले निर्माण क्षेत्रको कर्जा पुनर्संरचना र पुनर्तालिकीकरणको सुविधा दिँदा त्यसको प्रभाव बैंकको नाफामा परेको हो । तेस्रो त्रैमासमा ११ वटा बैंकको खुद नाफा बढ्दा ९ वटाको घटेको छ । 'नाफा सामान्यमात्रै बढेको हो ।'

चैतसम्ममा नबिल बैंकले ५ अर्ब ५ करोड रुपैयाँ खुद नाफा कमाएको छ । वाणिज्य बैंकहरूमध्ये यो सबैभन्दा बढी हो । गत आवको तुलनामा यो बैंकले ८ दशमलव २१ प्रतिशत नाफा बढाएको हो । नेपाल इन्भेष्टमेण्ट मेगा र ग्लोबल आइएमई बैंकले साढे ४ अर्बभन्दा बढी नाफा कमाउन सफल भएका छन् । यो अवधिमा इन्भेष्टमेण्टले खुद नाफा ३८ दशमलव ६१ प्रतिशत बढाएको छ भने ग्लोबल आइएमईले ३७ दशमलव १२ प्रतिशत बढाएको छ । इन्भेष्टमेण्ट मेगा बैंकले चैत मसान्तसम्म ४ अर्ब ५४ करोड नाफा आर्जन गरेको छ । गत आवको सोही अवधिमा यो बैंकको नाफा ३ अर्ब २७ करोड थियो । एभरेष्ट बैंकको नाफा ३२ दशमलव ५५ प्रतिशतले बढेर ३ अर्ब ४५ करोड पुगेको छ । यो अवधिमा सबैभन्दा बढी नाफा बढाउन सफल बैंक नेपाल बैंक लिमिटेड हो । गत आवको तेस्रो त्रैमाससम्ममा १३ करोड ५ लाख रुपैयाँ नाफा रहेको यो बैंकले यो वर्षको सोही अवधिमा २ हजार ३२ दशमलव ८० प्रतिशत बढाएर २ अर्ब ७८ करोड पुर्‍याएको छ । एनएमबि बैंकको नाफा चैत मसान्तसम्म ५.८८ प्रतिशतले बढेर २ अर्ब ३७ करोड रुपैयाँ पुगेको छ । प्रभु बैंकको नाफा ३ दशमलव ५१ प्रतिशतले बढेर १ अर्ब ८७ करोड रुपैयाँ पुगेको छ । गत आवको सोही अवधिमा १ अर्ब ८१ करोड नाफा कमाएको थियो । सानिमा बैंकको नाफा १ अर्ब ६५ करोड रुपैयाँ पुगेको छ । गत आवमा १ अर्ब ४३ करोड ९४ लाख थियो ।

गत आवको तेस्रो त्रैमासको तुलनामा चालु आवको सोही अवधिमा बैंकको नाफा १४ दशमलव ८० प्रतिशतले बढेको हो । सबैभन्दा कम वृद्धिदर भने लक्ष्मी सनराइज बैंकको रहेको छ । यो बैंकको खुद नाफा समीक्षा अवधिमा २ दशमलव २४ प्रतिशतमात्र बढेको छ । बैंकको नाफा चालु आवको तेस्रो त्रैमासमा १ अर्ब ६५ करोड रुपैयाँ पुगेको छ । गत आवको सोही अवधिमा १ अर्ब ६१ करोड रुपैयाँ थियो ।

# बजेटमा किसानमुखी...

...महासंघले स्थानीय तहबाट अर्गानिक खेतीपातीको लागि जैविक मलको व्यबस्था गरी नि:शुल्क रुपमा कृषकहरुलाई वितरण गर्नुपर्ने, कृषकहरुको वाली तथा पशुको नि:शुल्क रुपमा विमाको व्यवस्था गर्नुपर्ने, किसानको पहिचालन, वर्गिकरण र सूचीकरण गरी परिचयपत्रको व्यबस्था गरी सोही अनुसार राज्यले सेवा सुविधा प्रदान गर्नुपर्ने, पाल्पा बाट उत्पादित कृषि, फलफूल तथा पशु उत्पादनहरुको उचित मुल्य तथा बजारीकरणको लागि ३ वटै सरकारबाट सहयोग हुनुपर्नेमा जोड दिएको छ । प्रत्येक वडामा संकलन केन्द्र, चिस्यान केन्द्र र विषादी परीक्षण सहितको कृषि उपज संकलन केन्द्र स्थापना गर्नुपर्ने, स्थानीय कृषि उत्पादनको लेवलिङ्ग गरी खरिद विक्रिमा प्राथमिकता राख्ने, स्थानीय तहमै माटो परीक्षण तथा उपचार हुनु पर्ने । नर्सरी तथा विउ उत्पादनको व्यबस्था स्थानीय तहमै गर्नुपर्ने माग महासंघ पाल्पाले गरेको छ । बैठकले स्थानीयतहमा कृषकहरुलाई आत्मनिर्भर हुने गरी कृषिक्रान्ती दशक घोषणा गरी नीति नियम तथा कार्यक्रम बजेट ल्याउनु पर्ने, कृषि अनुदानलाई उत्पादनको आधारमा दिने गरी नीति कार्यक्रम ल्याउनु पर्ने, कृषि उत्पादनमा वन्यजन्तुको नियन्त्रण गर्ने विधि ल्याई कार्यान्वयन हुनुपर्ने, एक गाउँ एक उत्पादन कार्यक्रम लागु गर्नुपर्ने, कृषि भुमिमा कर छुटको व्यवस्था हुनुपर्ने, वडा वडामा कृषि प्राविधिकहरुको व्यवस्था गरी कृषकहरुको घरदैलोमा सेवा दिनुपर्ने, कृषि औजारमा ७५ प्रतिशत छुट दिनुपर्ने, रैथानेवाली प्रवर्द्धन गर्नुपर्ने लगायतका ३८ बुँदे माग कार्यान्वयन गर्न जोड दिएको अध्यक्ष खनालले बताईन् । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले किसान महासंघले उठाएका पुरा गर्न सकिने कुरा स्थानीय सरकारबाट कार्यान्वयन गर्न अनुरोध गरे । कार्यक्रम महासंघ पाल्पाकी अध्यक्ष लक्ष्मी खनालको अध्यक्षता, सचिव रञ्जिव कुवँरको सञ्चालनमा भएको थियो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई